# नेपालगंज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नेपालगंज
## ५ नं. प्रदेश
## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना
**पहिलो पटक सूचना प्रकाशित मिति :- २०७५/०४/२४**

यस नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत वडा नं. ८ मा रहेको महेन्द्र पार्क (children park) मा सिसौ का २४ रुखहरु आफ्नै खर्चमा कटान (भौतिक पुर्वाधारलाई कुनै क्षती नहुने) गरी उत्पादीत काठ तथा दाउराको लगत तयार तथा विमार्का कार्यको लागि यस कार्यालय लाई पत्र मार्फत जानकारी गराई आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी बढावढ प्रक्रिया बाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक काष्ठ व्यवसायी, संघ/संस्था, व्यक्ती, फर्म वा कम्पनी नविकरण भएका ले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे सम्म सिलवन्दी गरी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | काठको जात | आयतन (अनुमानित) | राजश्व दर | जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिसौं ४ फिट माथि क्युफिट | ५५३ (घ.फी.) | ४०० | २२१,२००.०० | |
| २ | सिसौं ४ फिट मुनि क्युफिट | ८ (घ.फी.) | २०० | १६००.०० | |
| ३ | सिसौ दाउरा | ३४२.४० (०.६८४८ चट्टा) | ८००० | ५४७८.४० | |
| | | | जम्मा | २२८,२७९ | |

१) निवेदन साथ तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा मा रु. १,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालय बाट सूचना प्रकाशित भएको मितिले २१ दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औ दिनको १२.०० बजे भित्र यस कार्यालय दर्ता गर्न सकिने छ।

३) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं. ४१३०३०३००७१०४ ग ३ मा नगद जम्मा गरेको सक्कलै धरौटी भौचर वा ६ महिना सम्म म्याद भएको बैङ्क जमानत समावेश गरी पेश गर्नुपर्नेछ।

४) बढाबढ प्रक्रिया बाट लिलाम हुने वन पैदावारहरु उपरोक्तानुसार स्थलमा गइ हेर्न सकिनेछ।

५) बढाबढ प्रक्रिया बाट लिलाममा भाग लिन इच्छुक कालो सुचीमा नपरेका वन पैदावर सम्वन्धि कारोवार गर्ने काष्ठ व्यवसायी फर्म वा कम्पनीका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर, आ.व.२०७३/७४ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, दर्ता प्रमाणपत्रको प्रतिलिपी (नवीकरण भएका मात्र) बोलपत्र साथ पेश गर्नुपर्नेछ।

६) दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले बोलपत्रको हकमा २२ औं दिन, दिनको १३.०० बजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ। बोलपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७) बढाबढ प्रक्रिया बाट लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

८) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

९) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१०) बोलपत्र स्वीकृत गर्ने, नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

११) उपरोक्त बाहेक अन्य कुराको हकमा आर्थिक प्रशासन सम्बन्धी नियमावली (संशोधनसहित), २०५६ र वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ बमोजिम हुनेछ।

१२) अन्य जानकारीको लागि कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।